# अर्थविभागको
# सूचना

०६ साल वैशाख १ गतेदेखिलाई पेन्सन पाउने गरी रिटायर भएका निजामती कर्मचारीहरूलाई रिटायर हुनुभन्दा अगाडिको ३ वर्षको खान्गी जोडी त्यसलाई ३ भाग गरी कायम हुन आएको अङ्कको त्रिखण्डी दरले पेन्सन दिने ०६ साल आश्विन २१ गते भाग २ को गजेट प्रकाश भएकोमा ६० वर्ष उमेर पुगेका जवानलाई रिटायर गर्ने र त्रिखण्डीको १ खण्ड पेन्सन दिनेसमेत यी दुवैकुरा तत्कालीन गृहमन्त्रीजी श्रीविश्वेश्वरप्रसाद कोइरालाले भाषण दिनुभएको र ६० वर्षको हद लाउने रूल पनि त्यसैबेलादेखि लागू भएको हुनाले यो पेन्सन दिने नियम पनि ०६ साल वैशाखदेखिलाई मात्र नगरी वहाँले भाषण गर्नुभएको मिति ०८ साल श्रावण २८ गतेदेखि रिटायर भएका सबै पेन्सन पाउने जवानहरूलाई पनि उक्त लेखिएको नियमअनुसार त्रिखण्डको १ खण्ड पेन्सन दिने श्री ५ महाराजाधिराज तथा मौरूफको परामर्शदातृ सभाको निर्णयमै ०६।११।३।६ मा लेखी आएकोले सोबमोजिम गर्न गराउन सूचना प्रकाश गरिएको छ।

हिरण्यध्वज जोशी
डेपुटी सेक्रेटरी

---

ग.रखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।